रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. : ८८९
प.सं. :०८०/०८१

मिति: २०८०/१०/१६

विषय: निर्णय कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा।

श्री विषयगत शाखा सबै ।
श्री वडा कार्यालय सबै ।

गाउँ कार्यपालिकाको मिति २०८० पौष २०, २३ र २५ गते बसेको बैठकका निर्णयहरु कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।१०।१६

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Website: www.rurumun.gov.np Email: ruralruru@gmail.com Phone no: 079-410104

CamScanner

आज मिति २०८०।०९।२० गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे

स्थान : अध्यक्षज्यूको कार्यकक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | मिना |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | मिना |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

१. सहायक पाँचौ श्री रामप्रसाद ज्ञवाली

२. ,, श्री [illegible]

३. ,, श्री हेम बहादुर कार्की

४. ,, श्री दामोदर ज्ञवाली

५. का.स. श्री पार्वती पाण्डे

**मिति २०८०/०९/२० गतेको नबौ कार्यपालिका बैठकका प्रस्तावहरु**

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. बजेट विनियोजन सम्बन्धमा ।
३. योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा ।
४. आर्थिक सहायता सम्बन्धमा ।
५. माघे संक्रान्ती मेला सञ्चालन सम्बन्धमा ।
६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा ।
७. नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन सम्बन्धमा ।
८. अटोरिक्साको भाडादर कायम गर्ने सम्बन्धमा ।

CamScanner

मिति २०८०/०९/२० गतेको नवौं कार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।</td></tr>
<tr><td>२.</td><td>चालु आ.ब. २०८०/८१ मा बचत रहेको अल्या रकमलाई देहाय अनुसारका योजना तथा कार्यक्रमहरुमा बाँडफाँड गरी स्वीकृतको लागि १५औं गाउँसभामा पेश गर्ने ।<br>देहाय:<br>कार्यालय संचालन खर्च (चालु तथा पूँजीगत)
<table>
<tr><th>सि.नं.</th><th>खर्च शिर्षक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>कार्यक्रम खर्च</td><td>स्वास्थ्य, शिक्षा, कृषि, महिला, सेवा प्रवाह लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरी नागरिक केन्द्रित कार्यालय बनाउनको लागि आवश्यक पर्ने रकम (कृषकसँग कृषि प्राविधिक, जनतासँग जनप्रतिनिधि) लगायतका सेवा प्रवाहलाई परिस्कृत गर्ने खालका विभिन्न कार्यक्रमहरु समेत संचालन गर्न सकिने । कार्यक्रमको खर्च गर्दा कार्यक्रमको औचित्य सहित प्रस्तावना स्वीकृत गरेर मात्र कार्यक्रम संचालन हुने ।</td><td>४ लाख</td></tr>
<tr><td>२.</td><td>सेवाग्राही सन्तुष्टि सर्भेक्षण कार्यक्रम खर्च</td><td>गांउँपालिकाको सबै वडाहरुमा नागरिकहरुले स्थानीय सरकारबाट प्राप्त गरेको सेवा त्यसको गुणस्तर, विकास निर्माण लगायतका कार्यक्रम तथा योजनाहरुमा तेस्रो पक्ष मार्फत एक वडाबाट कम्तिमा ८० देखि १०० जना नागरिकहरुको प्रतिनिधि मूलक रुपमा चासो गुनासो र प्रतिकृया बुझी सोको प्रतिवेदको आधारमा आगामी दिनमा नागरिक केन्द्रित सेवा प्रवाहको लागि योजना निर्माण गर्न सहयोग पुग्ने</td><td>१ लाख ५० हजार</td></tr>
</table>
</td></tr>
</table>

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३. | विविध कार्यक्रम खर्च | धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु संचालन तथा पूजा पाठ लगायतका कार्य संचालन गरी विभिन्न साँस्कृतिक कृयाकलापहरु संचालन गर्न आवश्यक पर्ने रकम | २ लाख | |
| ४. | सवारी साधन तथा मेशिनरी औजार भाडा | कार्यालयको कामकाजको लागि आवश्यक पर्ने सवारी साधन भाडा तथा अन्य मेशिनरी सामग्रीहरुको प्रयोग गरे वापतको भाडा रकम | ३ लाख | |
| ५. | भैपरी चालु खर्च | अन्य कुनै खर्च शिर्षकमा रकम अपुग भएमा यसमा रहेको रकमबाट बाँडफाँड गरी कार्यक्रम संचालन गर्न सकिने | ४ लाख | |
| ६. | कम्प्युटर सफ्टवेर निर्माण तथा खरिद खर्च (डिजिटल नागरिक वडा पत्र)र (विद्युतिय हाजिरी प्रणाली) | नयाँ प्रशासकीय भवनमा डिजिटल SOP र डिजिटल नागरिक वडापत्र तयार गरी नागरिकलाई कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहको बारेमा जानकारी दिने, गाउँपालिकाको महत्वपूर्ण स्थानहरुको भिडियो तथा तस्विरहरु Display गराउने, कार्यालयको कार्य प्रणालीको बारेमा जानकारी गराउन आवश्यक पर्ने डिजिटल नागरिक वडापत्र सफ्टवेर प्रणाली र कर्मचारीहरुको हाजिरीलाई डिजिटल माध्यमबाट अभिलेखिकरण र व्यवस्थित गर्न विद्युतिय हाजिरी प्रणाली संचालनको लागि आवश्यक पर्ने सफ्टवेर खरिद तथा संचालन खर्च । | ६ लाख | |
| ७. | भैपरी आउने पूँजिगत खर्च | समय समयमा विभिन्न वडाका नागरिकहरुबाट अत्यावश्यक कुनै योजनाहरु संचालन गर्नु पर्ने अवस्था भएमा यस शिर्षकबाट कार्यक्रम बनाई खर्च गर्न सकिने | २० लाख | |
| ८. | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | कार्यालयले प्रयोगमा ल्याएका सफ्टवेयर संचालन तथा नविकरण वापत खर्च हुने रकम | ५० हजार | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९. | एम्बुलेन्स इन्धन खर्च | गाउँपालिकाका विपन्न तथा आर्थिक अवस्था कमजोर भएका नागरिकहरु तथा सुत्केरी हुने नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सुविधा उपलब्ध गराउँदा खर्च हुने इन्धन वापतको रकम भुक्तानी गर्ने प्रयोजनार्थ खर्च हुने रकम | ५ लाख | |
| १०. | पुस्तक तथा सामग्री खर्च (पाठ्यपुस्तक छपाई) | रुरुक्षेत्र गाउँपालिकाकोकक्षा १ देखि कक्षा ५ सम्मको स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरणको लागि आवश्यक पर्ने रकम | ५ लाख | |
| ११. | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | गाउँपालिकाका विभिन्न टेण्डर सम्बन्धीका सूचना तथागाउँपालिकाको तर्फबाट प्रेसित गरिने विभिन्न सन्देशहरु प्रशारण तथा प्रक्राशनको लागि खर्च हुने रकम | २ लाख | |
| १२. | टोल विकास संस्था सुदृढीकरण | गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरुलाई नागरिक मैत्री बनाउन, आम नागरिकको पहुँचमा पुर्‍याउन तथा नागरिकले आफ्नो अपनत्व सृजना गराउन तथा वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरुलाई विभिन्न कार्यक्रम संचालन गर्न तथा टोल विकास संस्थाको नियमित प्रशासनिक कार्यहरु संचालन गर्नको लागि आवश्यक पर्ने खर्च रकम । | ७ लाख | |
| १३. | सीप विकास तथा जनचेतना तालिम खर्च | गाउँपालिकाका सबै वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुक्षमता अभिवृद्धि गर्न टोल विकास संस्थाका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न तथा टोल विकास संस्था गठन गर्दा खर्च भएको | २ लाख. | |

| | | | |
|---|---|---|---|
| | | रकम समेत भुक्तानी गर्न खर्च हुने रकम | |
| १४. | सवारी साधन | गाउँपालिकामा भन्सारमार्फत वा अन्य निकाय मार्फत प्राप्त हुने सवारी साधन वापत खर्च हुने रकम | ४ लाख |
| १५. | सवारी साधन खरिद तथा मर्मत खर्च | कार्यालयमा रहेका सवारी साधन मर्मत, एम्बुलेन्स मर्मत , मोटरसाईकलहरु मर्मत तथा संभार तथा अत्यावश्यक भएमा मोटरसाईकल खरिद समेतको कार्यको लागि आवश्यक पर्ने रकम | ६ लाख |
| १६. | शैक्षिक संस्थाहरुलाई सहायता | गाउँपालिकाका नागरिकहरुलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले संचालनमा श्रृङ्गेश्ववर वहुमुखी क्याम्पस रानीवासलाई सुदृढीकरण गरी शैक्षिक कृयाकलापहरुलाई अगाडि बढाउनक्याम्पसले पेश गरेको प्रस्तावना बमोजिम कार्य गर्ने गरी क्याम्पस संचालनको लागि उपलब्ध गराउने आर्थिक सहायता वापत खर्च हुने रकम | ५० लाख |
| १७. | वास प्लान निर्माण(सेवा परामर्शबाट) | गाउँपालिकामा खानेपानी तथा सरसफाईको रणनीतिक योजना निर्माण गर्न, एक घर एकधारा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न NWASH system खानेपानी योजनाको सम्पर्ण लगत राख्न आवश्यक पर्ने रकम | ६ लाख |
| १८. | लक्षित समूह कार्यक्रम सन्चालन | बाल विवाह, बहुविवाह, कुरीति कुसंस्कार, घरेलु तथा लैङ्गिक हिंसा लगायतकाविरुद्ध सचेतनामूलक कार्यक्रम सन्चालन गर्नआवश्यक पर्ने रकम | ३ लाख |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९. | प्रशासकीय भवनमा सिसिटीभी क्यामेरा थप | गाउँपालिकाको प्रशासकीय भवनको DPR गर्दा जम्मा १८ वटा क्यामराको मात्र specification तयार भएको तर गाउँपालिकाको प्रशासकीय भवनमा सबै क्षेत्रबाट सुरक्षाको प्रबन्ध मिलाउनु पर्ने, ४० भन्दा बढी कोठाहरुबाटसेवा प्रवाह हुने तथा महत्वपूर्ण सामग्रीहरु रहने स्थानमा समेत CCTV जडान गर्नु पर्ने भएको हुँदा CCTV जडान गर्न आवश्यक पर्ने रकम | १० लाख | |
| २०. | प्रशासकीय भवनमा नागरिक प्रशिक्षालय निर्माण | गाउँपालिकाको प्रशासकीय भवनमा सेवा लिन आउने नागरिकहरुलाई कार्यालय भवन वाहिर प्रतिक्षालयको व्यवस्था नभएको हुँदा नागरिक मैत्री कार्यालय निर्माण गर्न सेवाग्राही विश्राम स्थल निर्माण गर्नु पर्ने आवश्यकता रहेको हुँदा २ वटा सेवाग्राही विश्रामस्थल निर्माणको लागि आवश्यक पर्ने रकम | २ लाख | |
| २१. | प्रशासकीय भवनमा क्यान्टिन निर्माण | प्रशासकीय भवनको नजिकै कुनै चिया खाजा नास्ता पसलहरु समेत नभएको हुँदा कार्यालयको वाहिरी कम्पाउण्डमा कार्यालयका कर्मचारी तथा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई गुणस्तरीय खाजा नास्ता पकाउने स्थान निर्माण गरी नियमानुसार टेण्डर मार्फत उपलब्ध गराई गाउँपालिकाको आम्दानी समेत वृद्धि गर्ने उद्देश्यले क्यान्टिन निर्माण गर्न आवश्यक भएको हुँदा क्यान्टिन निर्माणको लागि आवश्यक पर्ने रकम | १० लाख | |
| २२. | स्टेपिलाइजर मेशिन खरिद | प्रशासकीय भवनमाविद्युतिय सामग्रीहरु लिफ्ट, कम्प्युटर तथा फोटोकपी मेशिनहरुलाई निरन्तर भोल्टेज सप्लाई गरी विद्युतिय सामग्रीहरु संचालन गर्नु पर्ने भएको हुँदा सो वापत लाग्ने खर्च रकम | ३ लाख | |

| | | | | |
|---|---|---|---|---|
| २३. | लागत साझेदीमा छत्रदेव-रुरुक्षेत्र आश्रम स्थल निर्माण रिडी | रिडीमा अर्घाखाँचीको छत्रदेव गाउँपालिकासँग लागत साझेदीमा मलामी तथा किरियापुत्री बस्ने गरी छत्रदेव-रुरुक्षेत्र आश्रम स्थल निर्माणको लागि | २५ लाख | |
| २४. | रिडी गौशाला व्यवस्थापन | तानसेन नगरपालिका वडा नं. १४ मा सन्चालनमा रहेको गौशाला जसमा हाम्रै पालिकाको रिडी क्षेत्रमा रहेका गाइहरुलाइ व्यवस्थापन गरेको हुँदा सहयोग गर्नुपर्ने दायित्व भएकाले | ३ लाख | |
| २५. | मौरी पालन गोला सहितको घार वितरण कार्यक्रम (५० % अनुदानमा) | पछिल्लो समयमा किसानहरु मौरी पालन व्यवसायमा बढी इच्छुक भएको पाइकोले यसलाइ प्राथिमकतामा राखिएको । | ५ लाख | |
| २६. | इन्टेरियर डिजाइन थप | गाउँपालिकाको प्रशासकीय भवनमा हाल ३ वटा कोठाहरुमा इन्टेरियर डीजाइनमा रंकम अपुग भएकोले । | ३ लाख १० हजार | |
| २७. | आर्थिक सहायता | गाउँपालिकाबासीहरुलाइ आपत बिपद्, आर्थिक अभावका कारण उपचारबाट बन्चित हुन नप़रोस् भन्ने अभिप्रायले थप वजेट आवश्यक भएको । | ५ लाख | |
| २८. | शैक्षिक भ्रमण | सामुदायिक विद्यालयका वि.व्य.स. र शि.अ.सं.का पदाधिकारी, प्र.अ. लगायत जनप्रतिनिधीहरु सहित नमुना सामुदायिक विद्यालयको शैक्षिक भ्रमण गर्ने । | ३ लाख | |
| २९. | प्रहरी चौकी व्यवस्थापन | यस गाउँपालिको केन्द्रमा प्रहरी चौकी स्थापना गर्न संघीय सरकारबाट बजेट | ३ लाख | |

| | | | | |
|---|---|---|---|---|
| | | नभएकोले साबिकको बलेचौर प्रा.वि.को भवनमा अस्थायी प्रहरी चौकी स्थापना गर्नका लागि आवश्यक पर्ने सामाग्री खरिद लगायत व्यवस्थापनको लागि | | |
| ३०. | प्रहरी चौकी मर्मत संभार | साबिकको बलेचौर प्रा.वि.को भवनमा अस्थायी प्रहरी चौकी स्थापना गर्न पुरानो भवनलाइ व्यवस्थित गर्न | ४ लाख ७५ हजार | |
| ३१. | अपाङ्गता भएका नागरिकहरुको लागि सामाग्री खरिद | अपाङ्गता भएका नागरिकहरुको लागि आवश्यक पर्ने सहायक सामाग्री खरिद गरी प्रदान गर्न | २ लाख | |
| ३२. | रिडी बहुमुखी क्याम्पस सन्चालन अनुदान | रिडि बहुमुखी क्याम्पसलाइ सन्चालन अनुदान प्रदान गर्न | ५ लाख | |
| ३३. | नर्सरी साझेदारी | एक पालिका एक नर्सरी स्थापनको लागि साझेदारी रकम | १ लाख | |
| ३५. | गरिव तथा जेहेन्दार विद्यार्थीको लागि पोशाक तथा शैक्षिक सामाग्री प्रदान | गरिव तथा जेहेन्दार विद्यार्थीको लागि पोशाक तथा शैक्षिक सामाग्री प्रदान गर्न | २ लाख | |
| ३६. | निशुल्क मोतियाबिन्दु सल्यक्रिया | गाउँपालिका नागरिकहरुको निशुल्क रुपमा मोतियाबिन्दु सल्यक्रिया गर्न नेपाल नेत्रज्योती संघ गुल्मीसँग भएको सम्झौता बमोजिमको रकम भुक्तानी गर्न | ४ लाख | १ |

| | | | |
|---|---|---|---|
| | | जम्मा | २ करोड २१ लाख ८५ हजार |

योजनाहरु:

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १. | साझेदारीमा घैंटा निर्माण कार्यक्रम, च्यूरेक | रुरुक्षेत्र-१ | ८ लाख |
| २. | ३ मुखेपुल वाल/ग्याबिन निर्माण | रुरुक्षेत्र-१ | १ लाख |
| ३. | सुर्यज्योती प्रा.वि.- खाजा घर निर्माण | रुरुक्षेत्र-१ | १ लाख |
| ४. | इन्द्रायन पँधेरा भल नियन्त्रण | रुरुक्षेत्र-१ | १ लाख |
| ५. | ह्युम पाइप व्यवस्थापन, च्यूरक क्षेत्र | रुरुक्षेत्र-१ | १ लाख |
| ६. | ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय भवन मर्मत रिडी | रुरुक्षेत्र-१ | १ लाख |
| ७. | मानवकल्याण बृद्धाश्रम मर्मत संभार | रुरुक्षेत्र-१ | १ लाख |
| ८. | चित्पाने बिसौना मोटरबाटो निर्माण | रुरुक्षेत्र-१ | ३ लाख |
| ९. | रुद्रवेणी लिफ्टीङ्ग सिंचाई व्यवस्थापन | रुरुक्षेत्र-२ | ६ लाख |
| १०. | वोहा सिंलेफाँट सिंचाई कुलो बाँध निर्माण | रुरुक्षेत्र-२ | ६ लाख |
| ११. | जंगले वान्द्रे कुलो मर्मत | रुरुक्षेत्र-२ | ७५ हजार |
| १२. | भट्डाँडा मोटरबाटो विस्तार | रुरुक्षेत्र-२ | ७५ हजार |
| १३. | भरेक आ.वि. व्यवंस्थापन | रुरुक्षेत्र-२ | १ लाख ५० हजार |
| १४. | थानपति मन्दिर सिंढी, गेट र रेलिङ्ग निर्माण | रुरुक्षेत्र-३ | ५ लाख |
| १५. | शिव मन्दिर मर्मत, पयक | रुरुक्षेत्र-३ | १ लाख |
| १६. | वडा कार्यालय ढोका र गेट निर्माण | रुरुक्षेत्र-३ | १ लाख ५० हजार |
| १७. | दार्सिङ्गबास-देउराली मो.बा. | रुरुक्षेत्र-३ | ३ लाख |

| | | | |
|---|---|---|---|
| | निर्माण | | |
| १८. | ओखलढुङ्गा खेल मैदान वाल निर्माण | रुरुक्षेत्र-३ | २ लाख |
| १९. | पिडिन पोखरा -बरकारुख मो.बा. तथा वाल निर्माण | रुरुक्षेत्र-३ | २ लाख ५० हजार |
| २०. | चित्रेटोला सडक | रुरुक्षेत्र-३ | ५ लाख |
| २१. | पानीको खाल्टा उकालो सडक ढलान (चौतारा-नेटा-लोक्मा सडक खण्डमा पर्ने भाग) | रुरुक्षेत्र-४ | २० लाख |
| २२. | नाच्नेडाँडा सिँढी निर्माण | रुरुक्षेत्र-४ | ३ लाख |
| २३. | ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय रानीबास | रुरुक्षेत्र-४ | २ लाख |
| २४. | बलेचौर घिउँवेशी कल्बर्ट निर्माण | रुरुक्षेत्र-४ | ३ लाख ५० हजार |
| २५. | ज्ञानज्योती प्रा.वि. घेराबार | रुरुक्षेत्र-४ | १ लाख ५० हजार |
| २६. | रानीबास भडारमान मोटरबाटो | रुरुक्षेत्र-४ | ४ लाख |
| २७. | लामाडाँडा प्रतिक्षालय व्यवस्थापन | रुरुक्षेत्र-४ | ५० हजार |
| २८. | ढाइडाँडा-घिउवेशी मोटरबाटो निर्माण | रुरुक्षेत्र-४ | २ लाख ५० हजार |
| २९. | स्लेभ निर्माण हाट बजार | रुरुक्षेत्र-४ | ३० हजार |
| ३०. | रानीबन खेलमैदान कभर्डहल निर्माण योजना | रुरुक्षेत्र-५ | १५ लाख |
| ३१. | दुग्ध विविधिकरण बम्घा बहुउद्देशीय सहकारी रुरुक्षेत्र-५ (दुधको क्रिम निकाल्ने, पनिर बनाउने मेशिन खरिद तथा दुधको विविधिकरण सम्बन्धी तालिम संचालन) | रुरुक्षेत्र-५ | २ लाख |
| ३२. | जलुके बडहरे मोटरबाटो निर्माण योजना | रुरुक्षेत्र-६ | १२ लाख ५० हजार |
| ३३. | जनज्योती मा.बि. कक्षाकोठा मर्मत | रुरुक्षेत्र-६ | २ लाख ५० हजार |
| ३४. | गांदी अपुता सडक | रुरुक्षेत्र-६ | २ लाख |
| ३५. | बम्घाकोट पूर्वाधार निर्माण | रुरुक्षेत्र-६ | २ लाख २५ हजार |
| | **जम्मा** | | **१ करोड २५ लाख ५५ हजार** |

**गाउँ कार्यपालिकाको बैठकबाट विनियोजित बजेट:**

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १. | वडा कार्यालय निर्माण | रुरुक्षेत्र-१ | ९ लाख ९८ हजार २ सय |
| २. | बम्घा स्वास्थ्य चौकी भवन तल्ला थप | रुरुक्षेत्र-५ | ८० हजार ४ सय |
| ३. | संस्कृत तथा साधारण मा.वि. आवास भवनको व्यवस्थापन | रुरुक्षेत्र-१ | ५० हजार |
| ४. | लाखे महोत्सव | रुरुक्षेत्र गा.पा. | २ लाख |
| ५. | बलेटक्सार, रानीबास रिडी बजारमा सि.सि.टि.भी. क्यामरा जडान | रुरुक्षेत्र गा.पा. | ५ लाख |
| ६. | रिडी पर्यटकीय क्षेत्रमा शौचालय निर्माण | रुरुक्षेत्र-१ | ५ लाख |
| ७. | बलेटक्सार युवा क्लब खुल्ला क्रिकेट प्रतियोगिता संचालन | रुरुक्षेत्र-४ | १ लाख |
| ८. | खेलकुद प्रतियोगिता तथा खेल सामाग्री वितरण | रुरुक्षेत्र-१ | ३५ हजार ७ सय |
| ९. | रानीबास टाहाटिम मो.बा. वाल निर्माण | रुरुक्षेत्र-५ | १० लाख |
| १०. | रानीबास टाहाटिम उल्लीखोला सडक | रुरुक्षेत्र-५ | २२ लाख ८४ हजार |
| ११. | रानीबास टाहाटिम उल्लीखोला सडक फेज २ | रुरुक्षेत्र-५ | १३ लाख ३१ हजार |
| १२. | वेलचौर सातमुरे खा.पा. योजना पाईप लाईन बिस्तार | रुरुक्षेत्र-१ | ८० हजार |
| १३. | साझेदारी कार्यक्रम संचालन | रुरुक्षेत्र ग़ा.पा. | ८ लाख |
| १४. | उखु प्रशोधन केन्द्रमा विद्युतिकरण लगायतका कार्य | रुरुक्षेत्र ४ | ३ लाख |
| १५. | कमला एग्रो फर्म सिंचाईको लागि पाईप खरिद | रुरुक्षेत्र ५ | १ लाख ५० हजार |
| | **जम्मा** | | **८४ लाख ९ हजार ३ सय** |
| | **कुल जम्मा** | | **४ करोड ३१** |

| | | | |
|---|---|---|---|
| | | | लाख ४९ हजार ३ सय। |

| | |
|---|---|
| ३. | चालू आ.ब. २०८०/८१ को स्वीकृत योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार संसोधनको लागि गाउँसभामा पेश गर्ने। <br> देहायः |

| **हाल कायम योजना तथा कार्यक्रमको नाम** | **संसोधन भई कायम हुनपर्ने योजना तथा कार्यक्रमको नाम :** |
|---|---|
| १) नगर प्रहरी | -नगर प्रहरी तलव भत्ता, तालिम र पोशाक तथा अन्य प्रशासनिक खर्च |
| २) कर्मचारी सेवाकालिन तालिम | -कर्मचारी क्षमता विकास तालिम |
| ३) डुम्रिगैरा बाटो ढलाई | -डुम्रीगैरा बाटो सिढी र ढलान रुरुक्षेत्र-३ |
| ४) झमादी -क्षेत्रीटोला खा.पा. मर्मत | -झमादी खा.पा. पाइप तथा मुहान संरक्षण रुरुक्षेत्र-३ |
| ५) चापाखर्क-रिप-चाउके मो.बा. | -चापाखर्क-रिप-चाउके मो.बा. तथा पर्खाल निर्माण रुरुक्षेत्र-३ |
| ६) ज्ञवा आरनटोल ट्रस निर्माण | - ज्ञवा आरनटोल ट्रस मर्मत, रुरुक्षेत्र-४ |
| ७) साझेदारी कार्यक्रम | - बहुवर्षिय रुपमा संचालन गर्ने गरी निजी तथा गैर सरकारी संस्थासँग साझेदारीमा रुरुक्षेत्र कृषि परियोजना |
| ८) बुहारी शिक्षा कार्यक्रम | - छोरी बुहारी शिक्षा कार्यक्रम |

| | |
|---|---|
| ४. | (क) रुरुक्षेत्र-४ कालापात्ला निवासी श्री यम बहादुर विश्वकर्माले अरुको घरमा आइ बसेको र पशुपालन गर्न गोठ नभएको हुँदा गोठ निर्माणको लागि आवश्यक जस्तापाता खरिद गर्न आर्थिक सहायता माग गरेको हुँदा निजलाई आर्थिक सहयोग शिर्षकबाट रु. ४०,०००/( चालिस हजार रुपैया मात्र) भुक्तानी गर्ने । |

CamScanner

| | |
|---|---|
| | (ख) रुरुक्षेत्र गाउँपालिका वडा नं. ६, रिमुवा निवासी श्री टोपला रेगामी एकल, जेष्ठ महिला रहेको, निजको घर खरको छाना भएको, पारिवारिक आर्थिक अवस्था कमजोर भएको हुँदा निजलाई खरको छाना विस्थापित गरी जस्तापाता लगाउन आर्थिक सहयोग शिर्षकबाट रु. ४०,०००/(चालिस हजार रुपैया मात्र) भुक्तानी गर्ने । |
| ५. | रुरुक्षेत्र गाउँपालिका वडा नं. १ रिडीमा माघे संक्रान्ती मेला-२०८० सञ्चालनको लागि मिति २०८०/०९/१३ गते प्रस्ताव आह्वान गरिएकोमा निर्धारित समयभित्र कुनै पनि संस्थाबाट निवेदन प्राप्त नंभएको हुँदा मेला सञ्चालनको आवश्यक व्यवस्थाको लागि गाउँसभामा प्रस्ताव पेश गर्ने । |
| ६. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको च.न. ७४९, मिति २०८०/०९/१७ को परिपत्र सम्बन्धमा छलफल भयो । उक्त परिपत्र नियमानुसार कार्यान्वयन गर्ने । |
| ७. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३१, मिति २०८०/०९/०५ को पत्र अवगत भयो । नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०८० अनुसार यस गाउँपालिकाबाट उक्त कार्यक्रममा सहभागी हुने र सो कार्यक्रमको लागि गाउँपालिकाले लागत साझेदारी गर्नुपर्ने १५ प्रतिशत रकम सुनिश्चित गर्ने र उक्त कार्यविधीको पूर्ण पालना गर्न प्रतिवद्धता गर्दै कार्यक्रममा सहभागि हुने । |
| ८. | रुरुक्षेत्र गाउँपालिकाभित्र ३ पाङ्ग्रे अटोरिक्साको भाडादरमा एकरुपता कायम गर्न देहाय अनुसारको भाडा दर कायम गर्ने निर्णय गरियो ।<br>देहायः<br>पक्की सडक प्रति कि.मि. रु. ६०/- (साठी रुपैया)<br>ग्राभेल सडक प्रति कि.मि. रु. ८०/- (असी रुपैया)<br>कच्ची सडक प्रति कि.मि. रु. १००/- (सय रुपैया) । |

**बैठक संख्या : १०**

आज मिति २०८०।०९।२३ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे

स्थान : अध्यक्षज्यूको कार्यकक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

१. सहायक पाँचौ श्री रामप्रसाद ज्ञवाली

२. कं.अ. श्री विनोद ज्ञवाली

३. सहायक पाँचौं श्री हेम बहादुर कार्की

४. अ.हे. श्री पार्वती पाण्डे

CS CamScanner

## मिति २०८० पौष २३ गतेको दशौ कार्यपालिका बैठकका प्रस्तावहरु

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा
२. अनुमानित राजश्व र व्ययको प्रक्षेपण सम्बन्धमा ।
३ रुरुक्षेत्र गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सम्बन्धमा ।
४रुरुक्षेत्र गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को पहिलो संशोधन विधेयक २०८० सम्बन्धमा ।
५ इलाका प्रहरी कार्यालयको स्तरोन्नती र भवनको व्यवस्थापन सम्बन्धमा ।
६. रिडी बगरमा जम्मा भएको नदीजन्य पदार्थ उत्खनन्को लागि हेभि मेशिन प्रयोग सम्बन्धमा ।
७. रुरुक्षेत्र-४ हर्रेमा रहेको टयाक्टर कवाडीमा विक्री वितरण सम्बन्धमा ।
८. आँखा उपचार केन्द्रलाई भवन उपलब्ध गराउने सम्बन्धमा ।
९. रुरुक्षेत्र गाउँपालिकाको नगर प्रहरी संचालन सम्बन्धी कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।
१०. नगर प्रहरीको पोशाक सम्बन्धमा ।
११. साझेदारी कार्यक्रमको मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी संझौता गर्ने सम्बन्धमा ।
१२. आमपोखरा-लामाखर्क मो.बा. मर्मत सम्बन्धमा ।
१३. प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

CamScanner

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | स्थानीय राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिसको आधारमा राजश्व र व्ययको आ.ब. २०७९/०८० को यर्थात, २०८०/०८१ को अनुमानित, आ.व. २०८१/०८२, २०८२/०८३ र २०८३/०८४ को आय व्ययको अनुमान देहाय अनुसार हुने अनुमान गरी संघीय सरकार अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, काठमाडौंमा पठाउने । |

क) आय तर्फ

रकम रु. हजारमा

| शिर्षक | गत आ.व. यर्थात | चालु आ.व.को अनुमानित | २०८१/०८२ को आय अनुमान | २०८२/०८३ को आय अनुमान | २०८३/०८४ को आय अनुमान |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | ३६२९३० | ३७३७०० | ४९३४९७ | ५३५००० | ५७७००० |
| समानिकरण अनुदान | ८९९१० | ८५४०० | १०५००० | ११५००० | १२७००० |
| शसर्त अनुदान | २५९३९१ | २६१३०० | ३००००० | ३२०००० | ३४०००० |
| विशेष अनुदान | ९६९३ | १३५०० | ४६३९७ | ५०००० | ६०००० |
| समपूरक अनुदान पुँजीगत | ३९३६ | १३५०० | ४२१०० | ५०००० | ५०००० |
| **प्रदेश सरकार** | ३४४१४ | २६६२१ | ५७००० | ७८००० | ९९००० |
| समानिकरण अनुदान | ५१२९ | ५८७१ | ६००० | ७००० | ८००० |
| शसर्त अनुदान | ८४१६ | १०७५० | २०००० | ३०००० | ४०००० |
| विशेष अनुदान | ९३५२ | - | १६००० | २६००० | ३६००० |
| समपूरक अनुदान पुँजीगत | ११५१७ | १०००० | १५००० | १५००० | १५००० |
| **राजश्व बाडफाँड (प्रदेश र संघ)** | ७२३२९ | ७५९७६।२३ | ८५००० | ९०००० | ९५००० |
| **आन्तरिक श्रोत** | १२६९९ | १२५०० | १३९८६ | १५४०० | १७००० |
| **अ.ल्या.** | ९५०४३ | ४६७०० | - | - | - |
| **जम्मा** | ५७७४१५ | ५३५४९७।२३ | ६४९४८३ | ७१८४०० | ७८८००० |

**ख) व्यय तर्फ**

रकम रु. हजारमा

| व्यय शिर्षक | चालु आ.व.को अनुमानित खर्च | २०८१/०८२ को खर्च अनुमान | २०८२/०८३ को खर्च अनुमान | २०८३/०८४ को खर्च अनुमान |
|---|---|---|---|---|
| संचालन खर्च | ६५१४३ | ७०००० | ७२००० | ७५००० |
| पूर्वाधार विकास | ५८२५० | २१३८६ | २१४०० | २८००० |
| आर्थिक विकास | १४६७१ | २०००० | २२००० | २८००० |
| वन वातावरण तथा विपद् व्यवस्थापन | ५२०० | ६५०० | ८००० | ९००० |
| सामाजिक विकास | २६५३६ | ३०००० | ३२००० | ३४००० |
| संस्थागत विकास क्षमता अभिबृद्धि र सुशासन | ३००० | ५००० | ७००० | ८००० |
| समपूरक कोष | ६०७४७२३ | ११४२०० | १३०००० | १३०००० |
| शसर्त अनुदान (संघ) | २६१३०० | ३००००० | ३२०००० | ३४०००० |
| विशेष अनुदान (संघ) | १३५०० | ४६३९७ | ५०००० | ६०००० |
| शसर्त अनुदान (प्रदेश) | १०७५० | २०००० | ३०००० | ४०००० |
| विशेष अनुदान (प्रदेश) | - | १६००० | २६००० | ३६००० |
| वडा कार्यालय अख्तियारी | १६४०० | - | - | - |
| जम्मा | ५३५४९७२३ | ६४९४८३ | ७१८४०० | ७८८००० |

CamScanner

| | |
|---|---|
| ३. | रुरुक्षेत्र गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० लाई अनुमोदन गरी स्वीकृतीको लागि १५ औं गाउँसभामा पेश गर्ने । |
| ४. | रुरुक्षेत्र गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को पहिलो संशोधन अनुमोदन गरी स्वीकृतीको लागि १५ औं गाउँसभामा पेश गर्ने । |
| ५. | यस गाउँपालिकाको वडा नं. १ मा इलाका प्रहरी कार्यालय रिडी रहेको, उक्त प्रहरी कार्यालयमा प्रहरी निरीक्षकको दरबन्दी रही गुल्मी जिल्लाको रुरुक्षेत्र, कालीगण्डकी, सत्यवती, छत्रकोट गाउँपालिकामा सेवा प्रवाह गरिरहेको, उक्त प्रहरी कार्यालयले मुद्दा मामिला चलाउन नमिल्ने भएकोले मुद्दा मामिला सम्बन्धी कार्यको लागि जिल्ला सदरमुकाम जानु पर्ने भएको हुँदा यस क्षेत्रका सेवाग्राहीहरुलाई समस्या भईरहेकोले इलाका प्रहरी कार्यालय रिडीलाई मुद्दा चलाउन मिल्ने गरी स्तर उन्नती गर्न र स्तरोन्नती गर्दा आबश्यक पर्ने भवनको व्यवस्थापनको लागि १५ शैयाको अस्पतालको भवन निर्माण गरेपछी रुरु प्राथमिक स्वास्थ्य केन्द्रको सेवालाई उक्त अस्पतालमा सारी उक्त प्राथमिक स्वास्थ्य केन्द्रको भवन उपलब्ध गराउने प्रतिबद्धता गर्दै इलाका प्रहरी कार्यालयलाई स्तरोन्नतीको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने । |
| ६. | यस गाउँपालिकाको वडा नं. १ रिडीमा अबस्थित रिडी खोलामा बर्षेनी जम्मा हुने ढुङ्गा, गिट्टी र बालुवा लगायतले खोला पुरिदै गएको हुँदा रिडी बजार क्षेत्र बर्षातको समयमा विपद् संबेदनशिल क्षेत्रमा परेकोले नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिबाट उक्त क्षेत्रमा हेभि मेशिन मार्फत उत्खनन् गरी विपद् जोखिम न्यूनिकरणको लागि अनुमति माग गर्ने । |
| ७. | यस गाउँपालिकाको वडा नं. ४ को हर्रे मा विपत ५/६ बर्ष देखि दुर्घटना भई भिरमा अडिएको टयाक्टर रहेको, उक्त टयाक्टरले थप दुर्घटना निम्त्याउन सक्ने जोखिम देखिएको हुँदा उक्त स्थानबाट हटाउनु पर्ने भएको हुँदा सम्बन्धितले आफ्नो प्रमाण सहित ७ (सात) दिन भित्र हकदाबी को लागि निबेदन पेश गर्न सूचना प्रकाशन गर्ने । निर्धारित समयमा हकदाबी गर्न नआएमा न्यूनतम रकम रु. ५०,०००/- (अक्षरुपी पँचास हजार) कायम गरी कवाडीमा बिक्री वितरण गर्ने । |
| ८. | यस गाउँपालिकाको वडा नं. १ रिडीमा आँखा उपचार केन्द्र स्थापना गर्नको लागि रुरु प्राथमिक स्वास्थ्य केन्द्रको पुरानो भवन उपलब्ध गराउने । |
| ९. | रुरुक्षेत्र गाउँपालिका नगर प्रहरी संचालन सम्बन्धी कार्यविधि, २०७९ मा तलबभत्ताको व्यवस्था भएकोमा संशोधन गरी उक्त व्यवस्था हटाउने गरी स्वीकृत गरी जारी गर्ने । तलब भत्ताको निर्धारणको लागि १५ औं गाउँसभामा पेश गर्ने । |
| १०. | यस गाउँपालिकाका नगर प्रहरीहरुको लागि खैरो रंगको पोशाक, जाडो समयको लागि सोही रंगको ज्याकेट र कालो जुत्ताको व्यवस्था गर्ने । सोको रकम भुक्तानी गर्ने । |
| ११. | कृषि उपज तथा पशुबस्तुहरुको उत्पादन बृद्धि गरी सहकारी मार्फत बजारीकरण गर्ने उद्देश्यका लागि साझेदारी कार्यक्रमको लागि फर्महरुले पेश गरेका प्रस्ताबहरु गठित समितिले मूल्याङ्कन गरी प्रतिबेदन पेश गरेकोले उक्त मूल्याङ्कन प्रतिबेदन स्वीकृत गरी छनौटको सिफारिस भएको हेफर प्रोजेक्ट नेपाल/नव प्रभात युवा संघ, ललितपुर/गुल्मीसँग बहुबर्षिय संझौता गर्ने । |
| १२. | आमपोखरा-लामाखर्क मो.बा. बर्षातको समयमा अबरुद्ध हुँदा ज्यामी लगाई सवारी आवागमन सुचारु गर्दाको रकम रु. ११,७००/- (एघार हजार सात सय) विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने । |
| १३ | मिति २०८० पौष १९ गते बसेको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने । साथै तोकिएका क्षेत्रहरुमा कार्य गर्ने गरी वडा कार्यालयहरुबाट माघ मसान्तसम्म योजनाहरु माग गर्ने । |

आज मिति २०८०।०९।२५ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ०८:०० बजे

स्थान : अध्यक्षज्यूको कार्यकक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | मिना |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | मिना |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

| | |
|---|---|
| सूचना प्रविधि अधिकृत श्री इश्वरी न्यौपाने | सहायक पाँचौ रामप्रसाद ज्ञवाली |
| लेखा प्रमुख श्री हेमबहादुर कार्की | क.अ. श्री दामोदर ज्ञवाली |
| आलेप श्री युवराज के.सी. | सब ईन्जिनिर श्री मोहन अर्याल |
| उ.वि.स. श्री अन्जना अर्याल | का.स. श्री कुलानन्द सापकोटा |
| का.स. श्री दिपक श्रेष्ठ | |

मिति २०८०।०९।२५ गतेको एघारौं कार्यपालिका बैठकको प्रस्तावहरु

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्वन्धमा
२. स्थानीयत तह संस्थागत क्षमता मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नजिता अनुमोदन सम्वन्धमा ।

CamScanner

## मिति २०८०।०९।२५ गतेको एघारौ कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | स्थानीयत तह संस्थागत क्षमता मूल्याङ्कन (LISA) का विभिन्न १० वटा विषय क्षेत्रका १०० वटा सूचकहरुमा यस गाउँपालिकाको आ.व. ०७९/०८० को मूल्याङ्कन गर्दा जम्मा ९३.२५ अंक प्राप्त भएको हुँदा पृष्णपोषणका लागि जिल्ला समन्वय समिति गुल्मीमा पठाउने र प्राप्त पृष्ठपोषणका आधारमा अन्तिम नतिजा प्रकाशन गर्ने व्यवस्था कार्यालयले मिलाउने साथै उक्त नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेशमा पठाउने र कार्यालयको सामाजिक संजाल तथा वेभसाईटमा सवैको जानकारीको लागि प्रकाशन गरी छलफलको लागि आगामी गाउँसभामा पेश गर्ने । |
| ३. | स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) का विभिन्न ५ वटा विषय क्षेत्रका ११८ वटा सूचकहरुमा यस गाउँपालिकाको आ.व. ०७९/०८० को मूल्याङ्कन गर्दा जम्मा ९७.५ अंक प्राप्त भएको हुँदा पृष्णपोषणका लागि जिल्ला समन्वय समिति गुल्मीमा पठाउने र प्राप्त पृष्ठपोषणका आधारमा अन्तिम नतिजा प्रकाशन गर्ने व्यवस्था कार्यालयले मिलाउने साथै उक्त नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेशमा पठाउने र कार्यालयको सामाजिक संजाल तथा वेभसाईटमा सवैको जानकारीको लागि प्रकाशन गरी छलफलको लागि आगामी गाउँसभामा पेश गर्ने । |

CamScanner